# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

## स्कूल अफ पब्लिक हेल्थ

## जुम्ला, नेपाल

### स्नातक तहको जनस्वास्थ्य *(Bachelor in Public Health)* विषयमा अध्ययनका लागि आवेदन सम्बन्धि सूचना

(प्रकाशित मिति २०७५/०६/१९ गते, शुक्रबार)

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालको अन्तरिम संबिधान २०६३ को धारा ६३ बमोजिम छुट्टै ऐनद्वारा बि.स. २०६८ मा स्थापित स्वायत्त विश्वविद्यालय स्तरको प्राज्ञिक संस्था हो । यस प्रतिस्ठानको जनस्वास्थ्य महाविद्यालय (School of Public Health) अन्तर्गत स्नातक तहको जनस्वास्थ्य (Bachelor in Public Health) विषयमा शैक्षिक सत्र २०७५/०७६ का लागि प्रतिस्पर्धात्मक प्रबेश परिक्षको माध्यमबाट विद्यार्थी छनौट गर्नुपर्ने भएकाले तपशिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट आवेदन आह्वान गरिएको छ ।

१. **आवश्यक न्यूनतम योग्यताः** स्वास्थ्य बिज्ञानको कुनै पनि बिधाका प्रबिणता प्रमाण–पत्र तहमा कम्तिमा ५०% अंक प्राप्त गरी मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तीमा एक बर्ष काम गरेको हुनुपर्ने छ ।

वा

बिज्ञान बिधाको प्राणी शास्त्र (Biology) विषयको प्रबिणता प्रमाण–पत्र तहमा कम्तिमा ५०% (GPA grade 2.5) अंक प्राप्त गरेको हुनुपर्ने छ ।

२. **ब्यबसायिक परिषदममा दर्ताः** स्वास्थ्य बिज्ञान विषयको हकमा सम्बन्धित स्वास्थ्य ब्यबसायिक परिषदमा दर्ता भएको हुनुपर्ने छ ।

३. **आरक्षित कोटमाः** आरक्षित कोटमा सामेल हुनका लागि कर्णाली स्वास्थ्य बिज्ञान प्रतष्ठिानको ऐनमा तोकिएका जिल्लाहरु (जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बजाङ, जाजरकोट र बाजुरा) का उम्मेदबारहरुले मात्र पाउने छन ।

४. **आबेदन फाराम प्राप्तिः** कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठान, जुम्लाको नाममा रहेको कृषि बिकास बैंकको खाता नं. ०७२१३००६२७९७१०१४ मा रु. १,०००/– (अक्षरुपी एक हजार मात्र) कृषि बिकास बैकको कुनै पनि शाखामा जम्मा गरेको सक्कल भौचर पेश गरे पछि आबेदन फाराम प्राप्त गर्न सकिने छ ।

५. **आबेदन फाराम पाईने स्थानः** आवेदन फाराम (क) प्रतिष्ठानको केन्द्रिय कार्यालय, जुम्ला, (ख) प्रतिष्ठानको सम्पर्क कार्यालय, माहालक्ष्मिस्थान, ललितपुर तथा (ग) मध्यपश्चिम क्षेत्रिय अस्पताल, विरेन्द्रनगर, सुर्खेतमा प्राप्त गर्न सकिने छ ।

६. **परिक्षा दस्तुरः** परिक्षा दस्तुर वापत रु. १,०००/– (अक्षरुपी एक हजार मात्र) कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठान, जुम्लाको नाममा रहेको खाता नं. ०७२१३००६२७९७१०१४ मा जम्मा गरेको सक्कल भौचर आवेदनका साथ पेश गर्नु पर्ने छ । फाराम र प्रवेश परिक्षा दस्तुर बापत बुझाएको रकम फिर्ता हुने छैन ।

७. **आवेदन फाराम प्राप्त गर्न सकिने मितिः** आवेदन फाराम मिति २०७५ साल आश्विन २४ गते बिहान १०:०० देखि २०७५ साल कार्तिक २५ गते साझ ५:०० बजे सम्म खरिद गर्न तथा बुझाउन सकिने छ ।

८. **परीक्षा केन्द्र, मिति र समयः** परीक्षा केन्द्र आफ्नो आवेदन फाराममा उल्लेख गरे अनुरुप नै हुनेछ र आवेदन फाराममा उल्लेख गरे पश्चात परीक्षा केन्द परिवर्तन गर्न पाइने छैन ।

(क) जुम्ला परीक्षा केन्द्र : केन्द्र पछि निर्धारण गरिने छ ।
(ख) काठमाण्डौं परीक्षा केन्द्र : केन्द्र पछि निर्धारण गरिने छ ।
(ग) परिक्षा मिति : २०७५ साल कात्तिक २९ गते बिहिबार ।
(घ) परिक्षा शुरु हुने समय : विहान १०:०० बजे ।

९. **परीक्षाको किसिमः** वस्तुगत प्रश्न पत्रको लिखित परीक्षा लिईने छ ।

थप जानकारीको लागि प्रतिष्ठानको वेवसाईट www.kahs.edu.np मा हेर्नु हुन वा केन्द्रिय कार्यालय, जुम्लाको फोन नं. ०८७–५२०३५५ वा सम्पर्क कार्यालय ललितपुरको फोन नं. ०१–५१७०६२२, मा १०:०० देखि ५:०० वजेसम्म सम्पर्क गर्न सकिने छ ।

**नोट** : प्रोस्पेक्टसमा उल्लेख भए अनुसारका कागजातहरु आवेदन फारामको साथमा पेश गर्नु पर्नेछ ।